## एक किशोरको
## ...म्म उठ्न सकेन

मृतक किशोरका आफन्तले कांग्रेसको योजना अनुसार हत्या भएको आरोप लगाएका छन् । निर्वाचनका क्रममा शाही एमालेको प्रचारमा सक्रिय थिए । सोही कारण उनको हत्या भएको आरोप एमाले निकटहरुले लगाइ रहेका हुन् ।

बेपत्ता रहेका किशोर मृत भेटिए पश्चात् विनायक क्षेत्र तनावग्रस्त छ ।

विनायक बजारमा प्रदर्शन गर्नुका साथै मध्य पहाडी लोकमार्गमा आफन्तले चक्काजाम गर्दै आएका छन् ।

विनायक बजारमा चर्केको प्रदर्शन नियन्त्रणमा लिन शनिबार प्रहरीले ८ राउन्ड हवाई फायर समेत गरेको थियो । सो घटना बारे अनुसन्धान जारी राखेको प्रहरीले जनाएको छ ।


...ो बिश्वासिलो ठाउँ

...ङ्ग ट्रेनिङ्ग सेन्टर

टीकापुर, कैलाली
(...ठेपुल नजिकै)

...तक सुविधा सम्पन्न सामग्री सहित ...सवारी चालक अनुमतिपत्रका ... दक्ष तथा अनुभवी प्रशिक्षकबाट

सम्पर्क नं.: ९८५८४२१४७५



...र नास्ताका लागि

...ा एण्ड खाजा घर

...र मो. ९८६९७०९९८

...चालक

...ज भण्डारी

...परिकारदेखि चाउचाउ, चाउमिन, बिभिन्न परिकार, मासु परिकार, खानाको समेत व्यवस्था छ ।


प्रदेश सरकार

**सुदूरपश्चिम प्रदेश**

टीकापुर अस्पताल

टीकापुर, कैलाली

# क्याटलग सपिङ्ग विधिबाट अक्सिजन पाइपलाइन खरिद सम्बन्धी प्रस्ताव आव्हानको सूचना

*(प्रथम पटक प्रकाशित मिति २०७९/०२/२५ गते)*

सम्पर्क फोन नं. ०९१-५६०४८८

चालु आव २०७८।०७९ को लागि देहाय बमोजिमको अक्सिजन पाइपलाइन तथा एसेसरिज सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ क (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम अक्सिजन पाइपलाइन तथा एसेसरिज उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद तथा जडान कार्य गर्नुपर्ने भएकोले तपसिलमा उल्लेख भए बमोजिमको शर्तहरुको अधिनमा रही सिलबन्दी प्रस्ताव दर्ता गराउन हुन सम्बन्धित अक्सिजन पाइपलाइन तथा एसेसरिज उत्पादक वा आधिकारिक बिक्रेताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## शर्तहरु

१) इच्छुक ईजाजत प्राप्त उत्पादक कम्पनि वा त्यसको आधिकारिक बिक्रेताहरुले आ-आफ्नो फर्म दर्ता, स्थायी लेखा नं., मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, लेटर अफ अथोराइजेशन, आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्र, सम्बन्धित कार्यको अनुभव प्रमाणपत्र सहितको प्रतिलिपीहरु पेश गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ बमोजिम देहाय अनुसारको अक्सिजन पाइपलाइन उत्पादनको आधिकारिक स्पेशिफिकेशन गुणस्तर मूल्य सहितको विवरण (क्याटलग वा ब्रोशर) संलग्न राखी यो सूचना प्रकाशित भएको मिति ले ७ (सात) दिन भित्र यस अस्पतालमा कार्यालय समय भित्र सिलबन्दी प्रस्ताव दर्ता गराइ सक्नुपर्नेछ ।

२). दर्ता गरिएका प्रस्तावहरु कार्यालय समय भित्र खोलिनेछ । दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलीपल्ट लगत्तै कार्यालय खुलेको दिन दर्ता गरिनेछ ।

३) सूचिकृत नभएका कम्पनि वा आधिकारिक बिक्रेता सूचिकृत गराइ उक्त सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिनेछ ।

४) अक्सिजन पाइप लाइन तथा एसेसरिजको प्राविधिक स्पेशिफिकेशन यस अस्पतालबाट निःशुल्क तथा यस अस्पतालको वेवसाइट https://tikapurhospital.gov.np बाट समेत डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

६) प्रस्ताव सम्बन्धी थप केहि बुझ्नु परेमा यस अस्पतालको फोन नं. ०९१-५६०४८८ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।

## ठेक्का बिबरण

| ठेक्का नं. | सामानको नाम | कैफियत |
|---|---|---|
| १८-२०७८/२०७९ | अक्सिजन पाइपलाइन तथा एसेसरिज खरिद आपुर्ति तथा जडान कार्य | थप विवरण टेक्निकल स्पेशिफिकेशन बमोजिम हुनेछन् । |

**टीकापुर अस्पताल**

टीकापुर, कैलाली

...रुमा अनुरोध

...र्माणमा सहभागी बनौं ।
...र्ण कर चुक्ता नगरे कुनै पनि सेवा ...र हुने छैन ।
...ो कर्तव्य हो भने सेवा प्राप्त गर्नु ...

...ौं ।
...बाट बचौं ।

## सर्पदंश (सर्पको टोकाई) बाट बच्न.......

- घर वरीपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरुको व्यवस्थापन गरौं ।
- घरवरीपरी सफा राखौं, प्वालहरु टालौं ।
- खुल्ला स्थानमा सौच नगरौं ।
- खाली खुट्टा नहिडौं, जुत्ता या गमवुट लगाऔं ।
- लट्ठी लिएर हिडौं ।
- सम्भव भएसम्म खाटमा सुतौं ।
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं ।
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं ।

## जेठभित्र............

प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द्र अधिकारीले भने, 'निर्वाचन आयोगले तोकेको मितिमा निर्वाचन सम्पन्न गर्ने गरी हामी पूर्ण तयारीका बसेका छौं ।'

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले यही जेठ महिनाभित्र निर्वाचन सम्पन्न गर्ने तयारी अनुसार नयाँ सुरक्षा टोली, नयाँ निर्वाचन अधिकृत लगायत ...

जिल्ला प्रशासन कार्यालय कैलाली, द.नं. ६१, २०६२/०६३ – जिल्ला हुलाक कार्यालय, कैलाली द.नं. ०५, २०६७/०६८

# मलवारा

Malawara Dainik दैनिक

वर्ष: १६, अङ्क: ९८५, २०७९ जेठ २५ गते, बुधबार (Wed. 8, jun 2022) मूल्य रु. ४/-

## महेन्द्रको सचिवमा उम्मेदवारी

♦मलवारा समाचार

अत्तरिया, २४ जेठ/उद्योग वाणिज्य सङ्घको नेतृत्वका लागि युवा व्यवसायी महेन्द्र कुमार सिंहले सचिवको पदमा उम्मेदवारी दिएका छन्।

जेठ २८ गते हुने कैलाली उद्योग वाणिज्य सङ्घको नेतृत्वका लागि सचिव पदमा उम्मेदवारी दिएको सिंहले बताए। सिंह व्यवसायी सुरेन्द्र राठीको प्यानल बाट सचिवको उम्मेदवार बनेका हुन्।

बाजुरा जन्मेका महेन्द्र धनगढीमा सफल युवा व्यवसायी रूपमा परिचित रहेका छन्। सिंहले भने आफ्नो व्यवसायीका हकहितका सवालमा लाग्ने बताएका छन्।

सिंह यो अहिले कैलाली उद्योग वाणिज्य सङ्घको सदस्य रहेका थिए। कैलाली उद्योग बाणज्यि सङ्घको दुई छुट्टाछुट्टै प्यानलले चुनावी तयारी थालेका छन्। जेठ २८ गते हुने उद्योग वाणिज्य सङ्घको चुनावमा दुई समूहले छुट्टाछुट्टै प्यानलसहित तयारी थालेका हुन्।

हालका अध्यक्ष पुष्पराज कुँवर र व्यवसायी सुरेन्द्र राठीको नेतृत्वमा दुई छुट्टाछुट्टै प्यानलले आइतबार मनोनयन दर्ता गरेका छन्। कुँवरको प्यानलमा अधिकांश पुरानै अनुहार दोहरिएका छन् भने राठीको प्यानलबाट धेरै नयाँ अनुहारहरू चुनावी मैदानमा होमिएका छन्। त्यस्तै स्वतन्त्र रूपमा सचिव पदमा जयराज न्यौपानेले उम्मेदवारी दर्ता गराएका छन्।

कुँवरे प्यानलबाट वरिष्ठ उपाध्यक्षमा पुष्कर राज ओझा, एसोसिएट उपाध्यक्षमा मनोज अग्रवाल, उद्योग उपाध्यक्षमा दिनेश लम्साल, वाणिज्य उपाध्यक्षमा गगनराज केसी, वस्तुगत उपाध्यक्षमा लक्ष्मण पन्त, महासचिवमा ओम विष्ट, कोषाध्यक्षमा भीष्मराज ओझा र सचिवमा सुरेश पाण्डेय उम्मेदवार रहेका छन्।

## साउँदको डुबेर मृत्यु

♦मलवारा समाचार

टीकापुर, २४ जेठ/टीकापुर नगरपालिका वडा नं. ८ सुर्यपुर निवासी वर्ष ७६ का गोपाल साउँदको पानीमा डुबेर मृत्यु भएको छ।

घर नजिकै बनगाउँमा भैसी चरउन गएका साउँद हुलाकी सडक छेउमा बाढीले खाल्डो बनाएको स्थानमा मृत फेला परेका हुन।

सोमबार दिउसो घर नपुगेपछि खोजतलास गर्नेक्रममा उनि पानी जमेको खाल्डोमा मृत फेला परेका हुन। भैसीलाई नुहाउन गएका बेला उनको डुबेर मृत्यु भएको अनुमान स्थानीय वासिन्दा को छ।

## बैतडीमा समन्वय समितिको निर्वाचन सम्पन्न

♦मलवारा समाचार

बैतडी, २४ जेठ/बैतडीमा जिल्ला समन्वय समितिको निर्वाचन सम्पन्न भएको छ।

निर्वाचनका लागि तयारी पूरा भइसकेको र मंगलबार बिहान ७ बजेदेखि ९ बजे सम्म मतदान गर्ने कार्यतालिका रहेको मुख्य निर्वाचन अधिकृत तिलकबहादुर कार्कीले बताए।

समितिको नेतृत्वका लागि गठबन्धन दलहरु र एमालेबीच प्रतिस्पर्धा हुने भएको छ। नेपाली कांग्रेस, माओवादी केन्द्र र स्वतन्त्र ले समन्वय समितिमा साझा उम्मेदवार उठाएका छन् भने एमाले एक्लैले उम्मेदवार उठाएको छ। जिल्ला समन्वय समितिको निर्वाचनमा पालिकाका प्रमुख र उपप्रमुखले मतदान गर्न पाउने प्रावधान छ।

समितिको निर्वाचनमा नेपाली कांग्रेसका ९, माओवादी केन्द्रका २ र स्वतन्त्रका १ गरी गठबन्धन संग १२ मत रहेको छ भने एमालेसम ८ मत मात्रै छ।



## राष्ट्रिय पत्रिकामा विज्ञापन छाप्नका लागि...

कान्तिपुर, नागरिक, अन्नपूर्ण पोष्ट, सौर्य, नयाँ पत्रिका लगायतका कुनैपनि राष्ट्रिय दैनिक पत्रिका एवम् अनलाइन खबर, रातोपाटी लगायतका अनलाइनहरुमा सूचना, समवेदना, शुभकामना कुनैपनि विज्ञापन छाप्नुपर्ने भएमा सम्पर्क गर्नुहोला। विज्ञापन मुल्यमा केहि छुट समेत दिइने छ।

**लता विज्ञापन सेवा / जेटी मिडिया प्रा.लि.**

## के. आर. फर्निचर उद्यो

**प्रो. कृष्ण विश्वकर्मा**

हाम्रो यहाँ पलङ्ग, दराज, सोफासेट, झ्याल ढोका, रेडिमेड
कुर्ची, टेबुल लगायतका फर्निचरहरु उपलब्ध छन। साथै क
कुनैपनि सिकायत हुने छैन। एकपटक सेवाको मौका दिनुहो



टीकापुर-१ ब्लक नं. १४/जानकी-८ बन्देवीपुर

मोबाइल नं. ९८६१७६७३८७/९८४८४३५३९०/९७४९००९७

## डा. हेमन्त स्वाँर (एम.डी.पुणे

सतकेयर पोलिक्लिनिक प्रा. लि.

**टीकापुर, कैलाली फोन नं.: ०९१-५६००९५**

**हाम्रा सेवाहरू:** ओ.पी.डी., डिजिटल भिडियो एक
इ.सी.जी., डिजिटल एक्सरे, अटो ऐना लाइजरबाट प्रयोग
परीक्षण, दुढेको हाड्जोर्नी प्लाष्टर, इ.एन.टी., सुरक्षित मा
गर्भवती जाँच, यौन रोग परामर्श तथा उपचार, तालिम
स्वास्थ्यकर्मीद्वारा क्षयरोग तथा कुष्ठ रोग सम्बन्धी सेवा।


## आगलागीबाट ३ करोड बराबरको क्ष

♦मलवारा समाचार

टीकापुर, २४ जेठ/कैलालीको एक वाइन कम्पनीमा सोमबार आगलागी हुँदा ३ करोड बराबर को क्षति भएको छ।

प्रहरीका अनुसार जिल्लाको चुरे गाउँपालिका वडा नं. ३ सहजपुरस्थित मारभट्टी बजारमा रहेको स्थानीय पृथ्वी विक्रम शाहको मनसुन वाईन ईण्डष्ट्रिज रक्सी उत्पादन गर्ने कम्पनीमा आगलागी भएको हो।

बजारमा रहेको फोहोरमा
लगाएको आगो सल्केर आ
भएको बताइएको छ।
निभाउने क्रममा उक्त कम
काम गर्ने काठमाडौं म
पालिका ८ बालाजु घर
४३ वर्षीय दीपक बस्नेत
भएका र उनलाई उप
लागि चुरे स्वास्थ्य केन्द्र पठ
जिल्ला प्रहरी

(बाँकी ३

## घोडाघोडीमा बाघको आक्रमणबाट महिला घ

♦मलवारा समाचार

टीकापुर, २४ जेठ/घोडाघोडी नगरपालिकामा बाघको आक्रमण बाट एक महिला घाइते भएकी छिन्।

वडा नम्बर -८ लठुवाकी ५४ वर्षीया बिस्णा बोहरा बाघको आक्रमणबाट घाइते भएकी हुन्। उनलाई मुख, हात र टाउकोमा बाघले आक्रमण गरेको छ।

सोमबार बिहान
सामुदायिक वनमा घाँस
क्रममा उनलाई बाघले आ
गरेको इलाका प्रहरी क
सुखडका डिएसपी लक्ष्मण
शाहीले बताए।

बोहराको घोडाघोडी अ
मा उपचार भइरहेको
आक्रमण गर्ने बाघ घाइते
बताइएको छ।

(बाँकी ३

## इम्यूनिटी क्षमताका लागि सजिउ



इम्युनिटी बढाउन सजिउन उपयुक्त तरकारी हो। यसलाई नियमित खाँदा कोरोनासँग लडनका लागि इम्युनिटी बढ्छ।

यसमा कार्बोहाइड्रेट, प्र
क्याल्सियम, पोटेसियम, अ
म्याग्नेसियम, भिटामिन
र बी कम्प्लेक्स अत